तिलोत्तमा नगरपालिका नगर कार्यपालिकाको कार्यालय मणिग्राम, रुपन्देही ५ नं. प्रदेश, नेपाल

# तिलोत्तमानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही, ५ नं. प्रदेश, नेपाल

का.बै.सं.२४/०७५/०७६(६०) मितिः २०७६।०१।१५ गते ।

प्रस्तावहरु

१. नदीजन्य पदार्थ खरीद गरी स्टक राख्ने तथा व्यवस्थापन सम्बन्धमा ।
२. ई-रिक्सा व्यवस्थापन सम्बन्धमा ।
३. सरसफाई केन्द्र व्यवस्थापन सम्बन्धमा (वडा नं ६ र ८)
४. तिलोत्तमा उद्योग ग्राम संचालन सम्वन्धमा।
५. कार्यविधि निर्माण गर्ने सम्वन्धमा ।
६. पुनः नापी कार्यक्रमको औपचारिक सुरुवात गर्ने सम्वन्धमा ।
७. विषयगत शाखासँग छलफल गर्ने सम्बन्धमा ।
८. वातावरणीय सुन्दर नेपाल र तिलोत्तमा नगरपालिका बीच भएको सम्झौता सम्बन्धमा ।
९. फलफूलको विरुवा प्राप्ति र वितरण सम्बन्धमा ।
१०. संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने सम्बन्धमा ।
११. कर्मचारी अवकाश कोष स्थापना सम्बन्धमा ।
१२. बार्षिक खरिद योजना निर्माण गर्ने सम्बन्धमा।
१३. जग्गा उपयोगिता तथा प्राविधिक विश्लेषण समितिको प्रतिवेदन सम्बन्धमा ।
१४. "घ" वर्गको इजाजतपत्र प्रदान गर्न स्वीकृती सम्बन्धमा ।
१५. बजेट निर्माण तथा वडागत सिलिङ्ग निर्धारण सम्बन्धमा ।

## निर्णयहरु

निर्णय नं.-१

**नदीजन्यपदार्थ स्टक गर्ने सम्बन्धमा देहाय बमोजिम गर्ने :**

- नगर भित्रका क्रसर उद्योगहरुलाई पत्राचार गरी न्यूनतम १० टिप्पर नदिजन्य पदार्थ उपलब्ध गराउनको लागि पत्राचार गरी संकलन गर्ने ।
- नगरपालिकाले आफ्नो स्रोतबाट प्रचलित कानून बमोजिम विपत व्यवस्थापनका लागि केही नदीजन्य पदार्थ खरिद गरी स्टकमा राख्ने ।

७६-०१-०६

**बसुदेव घिमिरे**
**नगर प्रमुख**

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
५ नं. प्रदेश, नेपाल

- वडा समितिको सिफारिसमा वर्षायाममा आवत जावत गर्न कठिनाई हुने र कच्चि सडकहरुका खाल्डा खुल्डी पुर्न तथा आपतकालिन परिस्थितिलाई सम्बोधन गर्न नगरपालिकाले उपलब्ध गराउने ।
- नदीजन्य पदार्थ प्राप्ति, खर्च, लागत अनुमान र कार्यसम्पन्न प्रतिवेदन लगायतका प्राविधिक तथा प्रशासनिक कार्यको चाजोपाँजो वातावरण शाखाले मिलाउने ।

निर्णय नं.-२

- मिति २०७६।४।१६ गतेको कार्यपालिकाको निर्णय नं १४ बमोजिम कार्यपालिकाका सदस्य श्री चेतनारायण भण्डारीको संयोजकत्वमा गठन भएको अटो तथा विद्युतबाट संचालन हुने रिक्साहरुको नियमन, व्यवस्थापन तथा संचालन सम्बन्धी सुझाव समितिले दिएको विवरण माथि छलफल गरियो ।
- उल्लेखित सुझाव समितिले तयार गरी विधेयक समितिमा पेश भई विधेक समितिले दफावार छलफल गरी संयोजक श्री जगेश्वरदेवि चौधरीद्धारा पेश गरिएको अटो ई-रिक्सा दर्ता तथा व्यवस्थापन कार्यविधि, २०७५ स्वीकृत गरियो ।

निर्णय नं. ३.

- नगर विकास योजना अन्तर्गतको शि.नं. ४०३० (१) फोहोरमैला प्रशोधन केन्द्र निर्माण शीर्षकमा विनियोजित रकम मध्येबाट करहिया सामुदायिक वन क्षेत्रमा निर्माण गर्न प्रस्ताव गरिएको फोहोर मैला प्रशोधन केन्द्रको फिल्ड सम्याउन, ग्राभेलिङ्ग गर्ने लगायतका कार्यमा लागि रु २५ लाख खर्च गर्ने ।
- उक्त प्रशोधन केन्द्रमा सरसफाई सहकारी संस्था तथा उपभोक्ताहरुको समेत लागत रहने गरी उपभोक्ता समिति मार्फत कार्य सम्पन्न गर्ने ।
- वडा नं ६ को हाल फोहोरमैला विसर्जन गर्ने गरिएको स्थान र तिनाउ नदीको नदी उकास क्षेत्र आसपासको करिब ६ विगाहा जमीनलाई एकिकृत गरी सरसफाई केन्द्रको रुपमा विकास गरी तत्काल तारवार गर्ने ।
- श्री बैकल्पिक उर्जा प्रवर्धन केन्द्र ललितपुर लगायत अन्य राष्ट्रिय तथा अन्तराष्ट्रिय दातृ निकायलाई समेत लागत साझेदारीमा उक्त तिलोत्तमा सरसफाई केन्द्र निर्माण गर्नको लागि अनुरोध गर्ने ।
- वडा नं.-८ अन्तरगतको वन क्षेत्रमा पर्ने तर रुख नभएको खाली जमिन र हाल फोहोरमैला संकलित स्थानमा करीव ५ विगाहा क्षेत्रलाई बैकल्पिक फोहोरमैला विसर्जन केन्द्रको रुपमा विकास गर्ने ।

बासुदेव घिमिरे
नगर प्रमुख

निर्णय नं.- ४

- चालु आर्थिक वर्षको वार्षिक नीति तथा कार्यक्रममा समावेश भएको वडा नं. १० को रोहिणी नदीको पुल भन्दा उत्तरतर्फको क्षेत्रमा प्रस्तावित तिलोत्तमा औद्योगिक ग्रामलाई नेपाल सरकारद्धारा जारी भएको औद्योगिक ग्राम घोषणा तथा संचालन सम्बन्धी कार्यविधिको अनुसूची एक बमोजिमको परिक्षण सूची, औद्योगिक ग्राममा स्थापना हुनसक्ने सम्भावित उद्योगहरुको सूची, सम्भावित लगानी, सम्भावित बजार व्यवस्था, औद्योगिक ग्राम स्थापना भए पश्चात हुनसक्ने सम्भावित रोजगारी लगायतका विवरण सहित संघीय सरकारलाई पूर्वाधार निर्माणका लागि आवश्यक बजेट विनिजोजन गरिदिन र ५ नं प्रदेश सरकारलाई संघीय सरकारमा सिफारिस गरिदिनका लागि अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं.-५

देहायका विषयसँग सम्बन्धित कार्यविधिहरु निर्माण गर्ने सैद्धान्तिक स्वीकृति प्रदान गरियो

- तिलोत्तमा भ्यू-टावर संचालन तथा व्यवस्थापन कार्यविधि,२०७६ ।
- तिलोत्तमा अतिथि गृह तथा सभा हल संचालन तथा व्यवस्थापन कार्यविधि,२०७६ ।
- सुशासन तथा सदाचार प्रवर्धन कार्यविधि, २०७६ ।
- आन्तरिक नियन्त्रण तथा व्यवस्थापन कार्यविधि,२०७६ ।

निर्णय नं.-६

- चालु आर्थिक वर्षको वार्षिक नीति तथा कार्यक्रमको पुनः नापी कार्यक्रमको औपचारिक सुरुवात पुनः नापी कार्यालयलय तोके बमोजिम वाड नं १५ को मधवलियावाट सुरुवात गर्ने
- पुनः नापी कार्यक्रमको लागि आवश्यक बजेट, औजार, लगायत अन्य लजिष्टिक सपोर्ट कार्यालयबाट उपलब्ध गराउने ।
- पुनः नापी कार्यक्रमको सम्पर्क व्यक्तिको रुपमा ई. गिरिराज डुम्रेलाई तोक्ने ।

निर्णय नं.-७

- तिलोत्तमा नगरपालिकाको हाल स्वीकृत दरवन्दी अनुसारका शाखा/उपशाखा तथा विषयगत शाखाहरुको कार्यसम्पादनस्तर सन्तोषजनक नदेखिएको हुँदा सम्बन्धित शाखा र शाखा प्रमुखलाई कार्यसम्पादनको स्तर सुधार गर्नको लागि निर्देशन दिने।
- कार्यपालिकाका विषयगत समितिले सम्बन्धित शाखासँग छलफल गरी विषयगत शाखाको काममा प्रभावकारिता ल्याउने ।

बासुदेव घिमिरे

तिलोत्तमा नगरपालिका नगर कार्यपालिकाको कार्यालय मणिग्राम, रुपन्देही ५ नं. प्रदेश, नेपाल

निर्णय नं.-८

- वातावरणीय सुन्दर नेपाल र यस नगरपालिका बीच भएको सम्झौता अनुसार फोहोर संकलनको अनुमति प्रदान गरिएका वडाहरु मध्ये वडा नं दुईको फोहोरमैलाको व्यवस्थापन सम्बन्धित वडा कार्यालयले नै गर्ने ।
- २ नं. वडा कार्यालयलाई आफ्नो क्षेत्राधिकार भित्रको फोहोरमैला संकलन, प्रशोधन र ढुवानीका लागि अनुमति प्रदान गर्ने ।
- फोहोरमैलाको शुल्क निर्धारण लगायतका फोहोरमैला व्यवस्थापनसँग सम्बन्धित सम्पूर्ण निर्णय गर्ने अधिकार प्रचलित कानूनको अधिनमा रही प्रयोग गर्ने गरी सम्बन्धित वडा कार्यालयलाई अर्को व्यवस्था नभएसम्मका लागि प्रत्यायोजन गर्ने ।
- संझौता बमोजिम प्रभावकारी तवरले फोहोरमैला व्यवस्थापन नभएको हुँदा वातावरणीय सुन्दर नेपाललाई सचेत गराउने ।

निर्णय नं.-९

आगामी आर्थिक वर्षको सुरुवातमा गरिने साप्ताहिक वृक्षारोपण कार्यक्रमहरुका सम्बन्धमा देहाय बमोजिम निर्णय गरियो ।

- सम्बन्धित वडा समिति/कार्यालयले आफ्नो वडामा कुन-कुन प्रजातिका फलफूलका विरुवा कुन-कुन स्थानमा लगाउने सो एकिन गरिएको विवरण वातावरण शाखामा पठाउने ।
- फलफूलका विरुवा लागत सहभागिताका आधारमा वितरण गरिने भएको हुँदा सम्बन्धित वडाले लागत सहभागिताको सुनिश्चिता सहित फलफूलका विरुवा माग गर्ने ।
- वडा कार्यालयबाट प्राप्त भएका विवरणहरुलाई लागत सहभागिता सुनिश्चित भएको विवरण मानिनेछ ।
- २०७६।०२।१५ गते भित्र प्राप्त विवरण प्राप्त नभएमा खरिद प्रक्रियामा समावेश नहुने ।
- फलफूलका विरुवा वितरण तथा रोपणका सम्बन्धमा चालु आर्थिक वर्षमा भएका कमिकमजोरी नहोदोर्याउन तर्फ सम्बन्धित वडा पक्ष सचेत रहने ।
- विवरण प्राप्त भएपछि कृषि र वातावरण शाखाले प्रचलित कानूनको अधिनमा रही श्रावण १ गतेबाट कार्यक्रम सुरु गर्न मिल्ने गरी सार्वजनिक सूचना मार्फत सूचना आव्हान गरी समयमा नै खरिद प्रक्रिया टुङ्गाई कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाउने ।
- फलफूलका विरुवाको बजार मूल्यमा ५० प्रतिशत अनुदान उपलब्ध गराउने ।

...सदेव घिमिरे

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
५ नं. प्रदेश, नेपाल

- उक्त कार्यलाई थप प्रभावकारी बनाउनको लागि कृषि उपसमितिलाई जिम्मा दिने, साथै नगर प्रमुख सचिवालयको निर्णय बमोजिम गठन भएको समितिले समेत आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने ।

निर्णय नं.-१०

- नगरपालिकाको कार्यबोध र आवश्यकता, राजस्व परिचालन क्षमता, खर्चको आकार, तलब, भत्ता संचयकोष कट्टी रकम, औषधी उपचार खर्च, सेवा सुविधाका लाग्ने खर्च र व्यहोर्ने स्रोत समेतको विश्लेषण सहित खर्च सुनिश्चित हुने गरी स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद-११ र अन्य प्रचलित कानूनको अधिनमा रही संगठन संरचना तयार पार्नको लागि **नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण** गर्न स्वीकृति प्रदान गरियो ।

निर्णय नं.-११

- स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ९१ बमोजिमको अवकाश कोष स्थापना गरी प्रचलित कानून अनुसार कार्य प्रारम्भ आर्थिक प्रशासन शाखाले गर्ने ।

निर्णय नं.-१२

- कार्यपालिकासदस्य श्री कृष्णप्रसाद पौडेलको संयोजकत्वमा देहाय बमोजिम बार्षिक खरिद योजना निर्माण समिति गठन गर्ने । उक्त समितिले सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार खरिद योजना तयार पारी नगरपालिका पेश गर्ने ।

**तिलोत्तमा नगरपालिका सार्वजनिक खरिद योजना निर्माण समिति**

- कार्यपालिका सदस्य श्री कृष्णप्रसाद पौडेल - संयोजक
- कार्यपालिका सदस्य श्री नारायण न्यौपाने - सदस्य
- आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य
- आर्थिक विकास शाखा - सदस्य
- ई. श्री प्रदीप वन - सदस्य
- ई. श्री मनिष खनाल - सदस्य
- ई. श्री गिरीराज डुम्रे - सदस्य
- आन्तरिक प्रशासन शाखा प्रमुख - सदस्य सचिव
- समितिले आवश्यकता अनुसार विज्ञहरुको राय, परामर्श लिन सक्ने ।

निर्णय नं.-१३

- कार्यपालिका सदस्य श्री गणेश न्यौपाने संयोजक रहेको जग्गा उपयोगिता विश्लेषण समितिको प्रतिवेदनलाई थप छलफलको लागि विद्येयक समितिमा पठाउने निर्णय गरियो ।

बासुदेव घिमिरे

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
५ नं. प्रदेश, नेपाल

निर्णय नं.-१४

- तिलोत्तमा नगरपालिका वडा नं. ६ स्थित सफल कन्स्ट्रन्सन र ति.न.पा.-१ मा अवस्थित विसुविन निर्माण सेवाले "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्राप्त गर्नको लागि आवश्यक कागजात सहित निवेदन पेश भएकोमा सो सम्बन्धमा गठित जाचँबुझ तथा सिफारिस समितिको मिति २०७६/०१/१० को सिफारिस अनुसार "तिलोत्तमा नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ (दोस्रो संशोधन)" को दफा ४ अनुसार उक्त निर्माण व्यवसायीहरुलाई "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र उपलब्ध गराउन स्वीकृती प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं.-१५

- बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक एवम् उप-प्रमुख श्री जगेश्वर देवी चौधरीद्धारा पेश गरिएको आगामी आर्थिक वर्षको आम्दानी, प्रशासनिक खर्च र वडागत सिलिङ्ग र वडास्तरीय बजेट तर्जुमा मार्गदर्शन अनुमोदन गरियो ।

बासुदेव घि
नगर प्रमुख

कृष्णप्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत